बैठक नं. ४९

आज मिति २०७६/०६/१६ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ७:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उप-प्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | लाल प्रसाद वस्याल | सदस्य | |
| ६ | टंक प्रसाद पराजुली | सदस्य | |
| ७ | तेज बहादुर सुनार | सदस्य | |
| ८ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ९ | कमल प्रताप थापा | सदस्य | |
| १० | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| ११ | बिष्णु बहादुर थापा | सदस्य | |
| १२ | पदम बहादुर थापा | सदस्य | |
| १३ | रामचन्द्र क्षेत्री | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |
| १५ | नारायण प्रसाद पुन | सदस्य | |
| १६ | दधिराम न्यौपाने | सदस्य | |
| १७ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १८ | राम प्रसाद रेग्मी | सदस्य | |
| १९ | सन्त बहादुर राना | सदस्य | |
| २० | हुमनाथ आचार्य | सदस्य | |
| २१ | हिम बहादुर खत्री | सदस्य | |
| २२ | डिल प्रसाद नेपाली | सदस्य | |
| २३ | रन्जित शेरचन | सदस्य | |
| २४ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २५ | बिमला श्रेष्ठ | सदस्य | |
| २६ | सिता कुमारी थापा | सदस्य | |
| २७ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २८ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २९ | चक्रपाणी शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

यम वराल - का.वा. वडाध्यक्ष -५ -

**प्रस्ताव नं.४९.१**

नगर प्रहरी परिचालन कार्यविधि,२०७६ सम्बन्धमा ।

**निर्णय नं.४९.१**

यस बुटवल उप-महानगरपालिका क्षेत्र भित्रका सडक अवरोध, सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने, जग्गा संरक्षण, विना ईजाजत निर्माण हुने भवन संरचना, हाटबजार व्यवस्थापन, ठेला व्यवस्थापन र फुटपाथ व्यवस्थापन जस्ता कार्यहरुलाई अनुगमन, नियमन र व्यवस्थापन गर्न जरुरी एंव आवश्यक समेत भएको हुँदा मौजुदा नगर प्रहरीहरुलाई कानून सम्मत रुपमा परिचालन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको नगर प्रहरी परिचालन सम्बन्धी मापदण्ड, २०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.२**

**संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७६ सम्बन्धमा ।**

**निर्णय नं. ४९.२**

मिति २०७६/०५/१७ मा बसेको नगर कार्यपालिकाको बैठक नं. ४७.११.८ मा टेवुल भई सम्बन्धित समितिमा समेत छलफल भई पेश हुन आएको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७६ माथिको छलफल समाप्त भएको हुदा देहाय बमोजिमको संस्था दर्ता तथा नियमन सम्बन्धी नियमावली, २०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.३**

**फोहरमैला व्यवस्थापन नियमावली,२०७६ सम्बन्धमा ।**

**निर्णय नं. ४९.३.**

मिति २०७६/०५/१७ मा बसेको नगर कार्यपालिकाको बैठक नं. ४७.४ मा टेवुल भई सम्बन्धित समितिमा समेत छलफल भई पेश हुन आएको फोहरमैला व्यवस्थापन नियमावली, २०७६ माथिको छलफल समाप्त भएको हुँदा देहाय बमोजिमको फोहरमैला व्यवस्थापन नियमावली, २०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.४**

**कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६ सम्बन्धमा ।**

**निर्णय नं. ४९.४**

मिति २०७६/०५/१७ मा बसेको नगर कार्यपालिकाको बैठक नं. ४७.३ मा टेवुल भई सम्बन्धित समितिमा समेत छलफल भई पेश हुन आएको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७६ माथिको छलफल समाप्त भएको हुदा देहाय बमोजिमको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०७६ पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.५**

सार्वजनिक निजी साझेदारी समितिको निर्णय सिफारिस सम्बन्धमा ।

**निर्णय नं. ४९.५**

सार्वजनिक निजी साझेदारी समितिको सिफारिस समेतको आधारमा ढुवानी ग्राम आयोजना,अत्याधुनिक पशुबधशाला र बहु तल्ले वहुउद्धेश्यीय पार्किङ्ग बिल्डिङ्ग आयोजना निर्माण संचालन तथा व्यवस्थापन देहाय अनुसार गर्ने निर्णय गरियो ।

(क) सार्वजनिक निजी साझेदारी ऐन, २०७४ को दफा १२ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७६ को नियम ४४ बमोजिमको लेखाजोखा समितिबाट पेस हुन आएको ढुवानी ग्राम सम्बन्धी



शिव नारायण शाह
... अधिकृत

प्रतिवेदन साथ पेस भएका प्रतिवेदन तथा कागजातहरु स्वीकृत गरी मनसायपत्र आव्हान गर्ने निर्णय गरियो ।

(ख) बुटवल उप-महानगरपालिकामा निर्माण हुन गईरहेको अत्याधुनिक पशुबधशाला निर्माण संचालन तथा व्यवस्थापनका कार्य सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम गर्ने गरी प्रक्रिया अगाडि बढाउने ।

(ग) लुम्बिनी बस टर्मिनल स्थित नगरपालिकाको स्वामित्वमा रहेको खाली जग्गामा डिजाईन, निर्माण तथा संचालन मोडेलमा बहु तल्ले वहुउद्धेश्यीय पार्किङ्ग बिल्डिङ्गको मनसायपत्र आव्हान गर्ने प्रक्रिया अगाडि बढाउने ।

**प्रस्ताव नं. ४९.६**

हेफर इन्टरनेशनल नेपालसंग भएको समझदारीपत्र तथा अनुमोदन सम्बन्धमा ।

**निर्णय नं.४९.६:**

बुटवल उप-महानगरपालिका र हेफर इन्टरनेशनल नेपाल बीच भएको सम्झौता तथा सोको संशोधन समेत अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७**

विविध

**निर्णय नं. ४९.७.१**

राष्ट्रिय योजना आयोग सिंहदरवार,काठमाडौंको प्रदेश र स्थानीय तहमा समपुरक तथा विशेष अनुदान बांडफांड गर्ने आयोजना/कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी मिति २०७६।०६।०७ गतेको सूचना अनुसार समपुरक अनुदान सम्बन्धी संशोधित कार्यविधि,२०७६ तथा विशेष अनुदान सम्बन्धी संशोधित कार्यविधि,२०७६ मा व्यवस्था भए बमोजिम यस बुटवल नगरक्षेत्रभित्र पूर्वाधार विकास संग सम्बन्धित सडक यातायात, कृषि, सिचाई, वैकल्पिक उर्जा,खेल पूर्वाधार ,खानेपानी, ढल निकास ,पर्यटन पूर्वाधार,शैक्षिक पूर्वाधार,स्वास्थ्य पूर्वाधार,पार्किङ्गस्थल /पार्किङ्ग विल्डिङ्ग लगायतका पूर्वाधार विकास निर्माणका अतिरिक्त मानवीय चेतना एंव क्षमता विकास गरी **"समृद्ध बुटवल सुखी बुटवलबासी"** को सपना साकार पार्नको लागि नगरको श्रोतले मात्रै पूरा हुन सक्ने नदेखिएको हुंदा संघीय सरकारसंगको सहकार्यमा थप पूर्वाधार विकास सम्बन्धी आयोजना/कार्यक्रम कार्यान्वयन निर्माण गर्नको लागि राष्ट्रिय योजना आयोगमा लागत साझेदारीको बजेट निकासा माग गर्न वाञ्छनीय देखिएकोले राष्ट्रिय योजना आयोगमा देहाय बमोजिमका आयोजनामा देहाय बमोजिमका अनुदानमा कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको प्रस्ताव पठाउने निर्णय गरियो ।

**समपुरक अनुदान तर्फ :**

| **क.सं.** | **योजनाको नाम** | **ठेगाना** |
|---|---|---|
| १. | बुटवल उप-महानगरपालिकाको आफ्नै मुख्य प्रशासनिक भवन निर्माण | बुटवल- ४ |
| २. | ११ नं. र १३ नं.वडा कार्यालय भवन निर्माण | बुटवल- ११।१३ |

**प्रस्ताव नं. ४९.७.२**

नगर कार्यपालिकाको कार्यालय भवनको लागत साझेदारी सहितको प्रतिबद्धता सम्बन्धमा ।

**निर्णय नं. ४९.७.२:**

यस बुटवल उप-महानगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माणका लागि शिलबन्दी बोलपत्र आवह्नको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये श्री विकोई- शिवशक्ति- बन्दना भगवती जे.भी. काठमाडौको भ्याट र प्रोभिजन सम सहितको ठेक्का अंक रु. ४३,५३,४९,५७२।८४ कबोल गरी तिन बर्ष भित्र निर्माण कार्य



शिव नारायण शाह

सम्पन्न गर्ने गरी सम्बन्धित निर्माण व्यवसायीसंग सम्झौता भएकोमा नगरको आन्तरिक श्रोतको अलावा बाह्य श्रोत (बजेट) को व्यवस्था गरी समयमा नै कार्य सम्पन्न गर्नको लागि जिल्ला समन्वय समिति रुपन्देहीमा समेत लागत साझेदारीको लागि स्वीकृत बजेट निकासा माग गर्न वाञ्छनीय देखिएकोले जिल्ला समन्वय समिति रुपन्देहीमा लागत साझेदारी गर्ने प्रतिबद्धता सहितको प्रस्ताव पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७.३**

मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७६ सम्बन्धमा ।

**निर्णय नं.४९.७.३ :**

बुटवल उप-महानगरपालिकाबाट संचालन हुने कृषक तथा व्यवसायीहरुलाई प्राविधिक सेवा/सुविधा उपलब्ध गराउने प्रयोजनका लीगि कार्यालयबाट तयार भई पेश हुन आएको मागमा आधारित पशुपंक्षी विकास अनुदान कार्यक्रम कार्यविधि, २०७६ आजको वैठकमा टेवुल भयो ।

**निर्णय नं.४९.७.४**

बुटवल उप-महानगरपालिकाबाट संचालन हुने कृषक तथा व्यवसायीहरुलाई प्राविधिक सेवा/सुविधा उपलब्ध गराउने प्रयोजनका लागि कार्यालयबाट तयार भई पेश हुन आएको पशु स्वास्थ्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ आजको वैठकमा टेबुल भयो ।

**प्रस्ताव नं. ४९.७.५**

समितिहरुलाई पूर्णता दिने सम्बन्धमा ।

**निर्णय नं. ४९.७.५**

यस बुटवल उपमहानगरपालिकाको नगरसभा र नगरकार्यपालिकाको बैठकबाट पारित भएका ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्डहरुले निर्दिष्ट गरे बमोजिमका समितिहरुमा नगरकार्यपालिकाले सदस्य तोक्नुपर्ने प्रावधान रहेको अवस्थामा प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको आपसी समन्वयका आधारमा सदस्य तोकी समितिहरुलाई पूर्णता दिनका लागि यो नगरकार्यपालिका वैठक अधिकार प्रत्यायोजन गर्ने निर्णय गर्दछ ।

**प्रस्ताव नं.४९.७.६**

जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

**निर्णय नं. ४९.७.६**

वडा कार्यालय वडा नं. १२ को सिफारिस पत्र, फिल्ड स्केच एवं फिल्ड प्रतिवेदन समेतका आधारमा यस बुटवल उप-महानगरपालिका वडा नं.१२ (साविक वडा नं.१४) स्थित सिफारिस पत्रमा उल्लेख भए अनुसार पूर्व मिलन पार्क सभाहल भन्दा पश्चिम २० फिट बाटो छाडी मोहडा १७ मिटर, उत्तर दक्षिण पिछाड ४० मीटर, पश्चिम मोहडा १७ मीटर हुने गरी पूर्व वाटो छाडी मिलन पार्क सभाहल, पश्चिम सार्वजनिक जग्गा उत्तर कच्ची सडक र दक्षिण आवादी जग्गा यति चार किल्लाभित्रको नदी उकास खाली जग्गा क्षेत्रफल ०-२-० (दुई कठ्ठा) "एकदेव आले स्मृति प्रतिष्ठान" लाई उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७.७**

प्रदेश स्तरीय पुस्तकालय स्थापनाका लागि जग्गा उपलब्ध गराउन स्वीकृति दिने सम्बन्धमा ।

**निर्णय नं. ४९.७.७**

वुटवल उप-महानगरपालिका वडा नं.१० स्थित कालिका मानवज्ञान माविको सेक्टर नं. २ को नक्सा सिट नं.०९८-११९९-२२ को कि.नं.१७ मा रहेको जग्गा मध्येबाट उत्तर पश्चिम तर्फको ०-३-० (तीन कठ्ठा) जग्गा



शिव नारायण शाह
वरिष्ठ अधिकृत

शिक्षा विकास निर्देशनालय प्रदेश नं. ५ बुटवललाई प्रदेश स्तरीय पुस्तकालय स्थापना गर्नका लागि उपलब्ध गराउन सहमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७.८**

वडा कार्यालयहरुबाटै व्यवसाय दर्ता गराउने सम्बन्धमा ।

**निर्णय नं. ४९.७.८**

व्यवसाय दर्ता गर्ने कार्य सम्बन्धित वडा कार्यालयहरुबाट भइ रहेको हुँदा सो कार्यलाई समर्थन गरी वडा कार्यालयहरु बाट दर्ता गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७.९**

राजश्व परामर्श समितिको निर्णय/सिफारिस सम्बन्धमा ।

**निर्णय नं. ४९.७.९**

राजश्व परामर्श समितिको सिफारिश समेतका आधारमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) यस नगर क्षेत्रभित्र एक्सटेन्सन काउण्टर संचालन गर्ने वैक तथा वित्तीय संस्थाहरुलाई एक्सटेन्सन काउण्टर सेवा संचालनको व्यवसाय कर शाखा कार्यालयको लागि तोकिएको दररेटको ५० प्रतिशतले हुने गरी निर्धारण गर्ने ।

ख) वुटवल उप-महानगरपालिका वडा नं.९ स्थित लुम्विनी वस टर्मिनल भित्र रहेको सपिङ्ग कम्प्लेक्सका १७ वटा सटरका व्यवसायीहरुले मिति २०७६/०४/१९ मा निर्माण सम्पन्न नभएसम्म १० प्रतिशत भाडादर नवढाउन र केही छुट दिन भनी निवेदन पेश गरेको सम्वन्धमा हाल सपिङ्ग कम्प्लेक्ससंगै अत्याधुनिक भवन निर्माण र तला थप गर्न शुरु गरिसकेकोले निर्माण सामग्रीको व्यवस्थापन तथा कामदारहरुको आवतजावत र निर्माणमा प्रयोग हुने साधनको अवरोधका कारण व्यापारमा प्रतिकूल असर पर्न गएकोले त्यस स्थानमा सेवाग्राही आवागमनमा असुविधा हुने र विभिन्न निर्माण जन्य कार्यले व्यापार व्यवसायमा प्रत्यक्ष प्रभाव पर्ने देखिएकोले वहाल संझौता अनुसार प्रत्येक वर्ष १० प्रतिशतका दरले वहाल रकम वढ्ने प्रावधान रहे तापनि उपरोक्त परिस्थितिका कारण आ.व.०७६/०७७ का लागि वहालमा वृद्धि हुने रकममा नवढाई यथावत कायम गर्ने ।

ग) सार्वजनिक क्षेत्रमा पार्किङ्ग व्यवस्थापन गर्ने स्थानको अभाव रहिरहेको सन्दर्भमा हाल निजी क्षेत्रवाट पार्किङ्गको लागि अनुमति माग भई आएको छ । सःशुल्क पार्किङ्ग व्यवसायको वार्षिक व्यवसाय करका वारेमा आर्थिक ऐन, २०७६ मा स्पष्ट व्यवस्था नभएको हुँदा सःशुल्क पार्किङ्ग व्यवसाय गर्ने व्यवसायीहरु हकमा देहाय बमोजिमको पार्किङ्ग व्यवसाय शुल्क निर्धारण गर्ने ।

सःशुल्क पार्किङ्ग व्यवसाय कर

३ कठ्ठा जग्गा सम्म पार्किङ्ग क्षेत्रमा व्यवसाय को लागि वार्षिक रु.१०,०००।-

३ कठ्ठा देखि ६ कठ्ठासम्मको क्षेत्रमा पाकिङ्ग व्यवसाय को लागि वार्षिक रु.१५०००।-

६ कठ्ठा देखि वढी क्षेत्रमा पार्किङ्ग व्यवसाय को लागि वार्षिक रु.२०,०००।-

घ) वुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा निजी तथा संस्थागत शिक्षालयवाट विद्यार्थीहरु फिल्ड भिजिट र ओ.जे.टी.मा आउने र यसरी आउदा कार्यालयको जनशक्ति खटिनुपर्ने र कार्यालयको स्रोत साधन समेत प्रयोग हुने भएकोले देहाय बमोजिम शुल्क लिने ।

फिल्ड भिजिटः प्रतिदिन

प्रति भिजिट स्नातक वा सो भन्दा माथि रु.२०००।-

प्रति भिजिट स्नातक भन्दा तल रु.१०००।-

शिव नारायण शाह
वरिष्ठ अधिकृत

ओ.जे.टी.

३ महिना सम्म प्रति विद्यार्थी (शिक्षालयवाट ) रु.१५००।

३ महिना भन्दा वढी प्रति विद्यार्थी (शिक्षालयवाट रु.२०००।

ड.) कम्पनी रजिष्ट्रारको कार्यालय/घरेलु तथा साना उद्योग कार्यालय/वाणिज्य कार्यालयमा दर्ता भएका तर पूर्वाधार निर्माण तथा व्यवस्थापकीय वन्दोवस्तीका कारण व्यवसाय संचालन नभएको अवस्थामा त्यस्ता व्यवसायहरुको लागि व्यवसाय संचालन नभएको यकिन भएमा व्यवसाय करको श्रेणीमा तोकिएको रकमको ५० प्रतिशत व्यवसाय कर लिने ।

च) वुटवल उप-महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका २ वटा क्रसर उद्योगहरुका लागि आवश्यक कच्चा पदार्थ खरिद गरी प्रशोधन गरी विक्री गर्ने र विक्री गर्दा सवारी साधनवाट वुटवल उप-महानगरपालिकावाट निर्माण गरिएका सडकहरु विग्रिन गई मर्मत संभार गर्नुपर्ने भएको र उद्योगवाट वातावरण प्रदुषण हुने भएकोले प्रदुषण नियन्त्रण र सडक मर्मत सुधार शुल्क लिने सम्वन्धमा पाचौं नगर सभा अधिवेशनको निर्णय समेतका आधारमा आ.व. ०७६/०७७ को भाद्र देखि असार मसान्तसम्मका लागि देहाय बमोजिमको वातावरण प्रदुषण नियन्त्रण तथा सडक मर्मत संभार शुल्क लिने ।

- श्री कालिका रोडा उत्पादन तथा प्रशोधन उद्योग वुटवल १८ को मासिक रु.५०,०००।००
- श्री सिद्धेश्वरी कामना रोडा उद्योग प्रा.लि. वुटवल १८ को मासिक रु.१०००००।००

साथै क्रेसर उद्योगहरुमा खरिद तथा उत्पादन गरिएको सामानको नियमित तथा आकस्मिक अनुगमन स्टक चेक जांच गर्ने व्यवस्था समेत मिलाउने ।

छ) वुटवल उप महानगरपालिका र एपेक्स नेपाल प्रा.लि. वीच सार्वजनिक निजी साझेदारी अवधारणामा भएको द्धिपक्षीय संझौता र सार्वजनिक निजी साझेदारी समितिको वैठकको निर्णयका आधारमा एपेक्स नेपाल प्रा.ली. संग भएको संझौताको समयावधिको गणना आ.व. ०७६/७७ को श्रावण देखि गर्ने र आ.व.०७६/७७ देखि नै संझौतामा तोकिएको पुरै रकम दाखिला गर्न लगाउने ।

ज) सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि स्थापना गरिने वोरिङ्गलाई जलस्रोत उपयोग दस्तुर तथा शुल्क निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो । साथै त्यसरी संचालन भएका वोरिङ.हरुको विवरण संवन्धित वडा कार्यालयहरुवाट गर्ने ।

क) मासिक शुल्क/ महसुल उठाउने वोरिङ्गहरुलाई दर्ता सिफारिश शुल्क रु.५०००।००

ख) मासिक शुल्क/ महसुल नउठाउने वोरिङ्गहरुलाई दर्ता सिफारिश शुल्क रु.१०००।००

संचालनमा आइसकेकाहरुको हकमा समेत पहिलो पटक सोही वमोजिम शुल्क लिने ।

झ) नदीजन्य पदार्थ ( ढुंगा गिटी वालुवा) को विक्री शुल्क आ.व. ०७५/७६ मा न्यूनतम मूल्य यस उप महानगरपालिकाले खुल्ला प्रतिस्पर्धाका आधारमा कायम हुन आएको अधिकतम र न्यूनतम दरको औसत मूल्यलाई आधार मानी रु.१५/४१ (कर सहित) कायम गरिएको र चालु आ.व.का लागि त्यस्तो दर नतोकिएको हुँदा गत वर्ष तोकिएको दररेट रु.१५/४१ (कर सहित) न्यूनतम दर कायम गर्ने ।

ञ) नदिजन्य पदार्थ (ढुंगा गिटी वालुवा) को चोरी निकासीलाई नियन्त्रण गर्न जरुरी देखिएको र त्यसका लागि स्थानीय रुपमा सुराकी दिने व्यक्तिको सहयोग समेत लिनुपर्ने भएकोले वुटवल उप महानगरपालिका कर्मचारी र जनप्रतिनिधि बाहेक कुनैपनि व्यक्तिले सुराकी उपलब्ध गराएमा गोपनियता कायम गर्ने गरी जरिवाना रकमको २५ प्रतिशतसम्म पुरस्कार उपलब्ध गराउने ।

**प्रस्ताव नं. ४९.७.१०**

धानवाली धितो भण्डारण गर्दा लिने सम्बन्धी कार्यविधि, २०७५ मा संशोधन सम्बन्धमा ।



शिव नारायण शाह
वरिष्ठ अधिकृत

**निर्णय नं. ४९.७.१०**

मिति २०७५/०७/२० मा बसेको नगरकार्यपालिकाको वैठकबाट पारित सहकारी संस्था मा धानबाली धितो भण्डारण गरी ऋण दिने सम्बन्धी कार्यविधि, २०७५ मा धानवाली भनि उल्लेख भएको ठाउँमा धान, गहुँ, मकै लगायतका बाली भन्ने शब्दावलि राखि उक्त कार्यविधिमा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४९.७.११**

**सडक विस्तार सम्बन्धमा ।**

**निर्णय नं. ४९.७.११**

यस बुटवल उपमहानगरपालिका वडा नं.१० स्थित अभियानपथ सडक हाल ५१ फिटको रहेको छ । छिमेकी तिलोत्तमा न.पा. र दक्षिण तर्फको पहुच सडक, बुटवल भैरहवा सिद्धार्थ राजमार्गको भित्री र प्रस्तावित मेडिकल कलेजतर्फ जाने पहुच र व्यस्त सडक समेत भएको हुँदा उक्त सडक विस्तार गर्न अपरिहार्य र आवश्यक भएको । पश्चिम तर्फ घना वस्ती भएको र पूर्वतर्फ नेपाल सरकार ५ नं. प्रहरी तालिम केन्द्र र नेपाली सेनाको संरक्षणमा रहेको खाली जग्गा भएको हुँदा पूर्वतर्फ सडक विस्तार गरी ८२ फिट कायम गर्न उपयुक्त देखिएकोले प्रदेश सरकार मार्फत नेपाल सरकारका सम्वद्ध निकायहरुमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**शिव नारायण शाह**
**वरिष्ठ अधिकृत**